गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०८३।०८४
च.नं. :-

सेवा करारमा कर्मचारी पदपुर्तिका लागि दरखास्त आह्वान सम्बन्धी सूचना ।

प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/०७/१९ गते

गोकुलगंगा गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यबिधि, २०८० (दोस्रो संशोधन) बमोजिम यस गोकुलगंगा गाउँपालिका, गाउँ कायपालिकाको कार्यालयलको स्वीकृत दरबन्दी तथा संघीय सरकारको आ.व.२०८३/०८४ को स्वास्थ्य तर्फको बार्षिक स्वीकृत कार्यक्रम अनुसार यस कार्यालय तथा मातहतका कार्यालयहरुमा रहेका देहायका रिक्त पदमा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा आईपुग्ने गरि आफुले प्राप्त गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरु, समकक्षता निर्धारण गर्नुपर्ने भए सो समेतका कागजातहरु, अनुभव भए अनुभवका प्रमाण पत्रहरु र नेपाली नागरिकताको प्रमाणपत्र सहित माथि उल्लेखित कार्यविधिले निर्धारण गरेको दरखास्त फाराम भरी पेश गर्नुहुन सम्बन्धित सबै इच्छूक उम्मेद्वारहरुका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै म्याद सकिएपछि आएको वा रित नपुगेको फारामहरु छनौट प्रकृयामा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

क्र. सं.	सूचना नं.	पद/तह/ सेवा/समुह	आवश्यक माग संख्या	दरखास्त दस्तुर	शैक्षिक योग्यता	उमेर	परिक्षाको किसिम
१	०२-०८३/८४	जनस्वास्थ्य अधिकृत सातौ/नेपाल स्वास्थ्य/हे.ई	१ (एक)	१२००।-	जनस्वास्थ्य बिषयमा कम्तिमा स्नातक तह योग्यता हासिल गरेको	१८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।	प्रारम्भिक सुची प्रकाशन, लिखित परीक्षा र अन्तर्वार्ता ।

१. दरखास्तको साथमा पेश गर्नु पर्ने आवश्यक कागजातहरु:-

क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

ख) शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपिहरु,

ग) अनुभव भएमा सो को प्रतिलिपि (नेपाल सरकारको सरकारी कार्यालयमा सोही पद वा सोही पद सो सरह तहमा कार्य गरेकोलाई मात्र मान्यता दिईने)

२. दरखास्त दस्तुर तिर्ने तरिका : गोकुलगगा गाउँपालिका कार्यालयको राजश्व शाखामा भौतिक रुपमा उपस्थित भई वा सम्पर्क गरी बुझाउने वा यस गोकुलगंगा गाउँपालिका कार्यालयको श्री सिद्दार्थ बैङ्कमा रहेको आन्तरीक राजश्व खाताको खाता नं. ०३६१५२५१९६६ मा उक्त बैङ्कको जुन सुकै शाखाहरुबाट नगद जम्मा गरी जम्मा गरेको भौचरको प्रमाण पेश गर्नुपर्नेछ ।

३. दरखास्त दिने स्थान : कार्यालय समयमा, गोकुलगंगा गाउँपालिकाको कार्यालय रस्नालु रामेछाप ।

४. दरखास्त फारम पाईने स्थान : गोकुलगंगा गाउँपालिकाको कार्यालय वा यस कार्यालयको वेवसाईट www.gokulgangamun.gov.np मार्फत डाउनलोड गरी प्राप्त गर्न सक्नुहुनेछ ।

५. दरखास्त दिने अन्तिम मिति :- २०८३/०८/०३ गते सम्म ।

६. पारिश्रमिक सेवा सुविधा :- कार्यालयको निर्णयानुसार हुनेछ ।

७. परिक्षा कार्यक्रम तथा अन्तर्वार्ता हुने मिति :- फर्म भर्ने म्याद सकिए पछि प्रकाशन गरिने छ ।

८. सूचनामा उल्लेख हुन छुट भएका बिषयहरुमा लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगको प्रचलित नियम कानुनहरु आकर्षित हुनेछन ।

९. थप जानकारीको लागि सम्पर्क नं. ९८४६५९९३३७ वा ९८५४०४३६४० वा ९८४९८५०३१५मा सम्पर्क गर्न सकिनेछ ।

३/६/१९.

प्रमुख प्रशासकीय अधिकृत

सुरज तिम्सिना
प्रमुख प्रशासकीय अधिकृत